२०७५, असोज
शुक्रबार
१९

सबै प्रकारका औषधि स्वास्थ्य संस्थामा नपाइने र अहिले अत्यावश्यक औषधि पनि अभाव हुन थालेको हो।

# नेपाल

## जिल्लामा औषधिको अभाव

विनोदसिंह विष्ट, बैतडी

समयमा औषधि खरिद गर्ने प्रक्रिया अघि नबढ्दा बैतडीमा औषधिको अभाव भएको छ। जिल्लाका सबै स्वास्थ्य संस्थाहरू स्थानीय तहमा हस्तान्तरण भएपछि औषधि अभाव हुँदै आएको हो। धेरैजसो स्वास्थ्य संस्थामा औषधिको अभाव भएको सम्बन्धित स्वास्थ्य संस्थाहरूले जनाएका छन्।

तल्लो स्वराड क्षेत्रका शिवनाथ गाउँपालिका र पञ्चेश्वर गाउँपालिकाका स्वास्थ्य संस्थामा पनि औषधिको अभाव रहेको केशरपुर प्राथमिक स्वास्थ्य केन्द्र मेलौलीका हेल्थ असिस्टेन्ट मुकेश दयालले जानकारी दिए। गाउँपालिकाभरिका स्वास्थ्य संस्थामा औषधि अभाव भएको र खरिद प्रक्रिया अघि बढाएको शिवनाथ गाउँपालिकाका स्वास्थ्य संयोजक जगदीश भट्टले बताए।

त्रैमासिकरुपमा आउने औषधि पछिल्लो समयमा नआउने गरेकाले स्वास्थ्य संस्थामा औषधि अभाव चुलिएको डिलाशैनी गाउँपालिकाका स्वास्थ्य संयोजक रामसिंह खत्रीले बताए। 'समयमा औषधि खरिद गर्ने प्रक्रिया अघि नबढ्दा स्वास्थ्यसंस्थामा औषधि अभाव भएको हो', उनले भने- 'अहिले पनि धेरैजसो औषधि सकिएको छ, दशैंअघि औषधि खरिद गर्न नसकिए निःशुल्क औषधि अभाव हुने निश्चित छ।'

यस्तै पुर्चौंडी नगरपालिकाका सबै स्वास्थ्य संस्थामा केही दिनमै औषधि सकिने अवस्थामा रहेका पुर्चौंडी नगरपालिकाका स्वास्थ्य संयोजक विनोदकुमार कुँवरले जानकारी दिए। 'स्वास्थ्यका कार्यक्रम नगरकार्यपालिकाले अझै पनि स्वीकृत नगरेकाले तत्काल औषधि खरिद गर्न सकिँदैन र केही दिनमै औषधिको अभाव हुन्छ', उनले भने- 'अहिले पनि निःशुल्क औषधि स्वास्थ्य संस्थामा कम रहेको छ।'

जिल्ला अस्पताल बैतडीमा पनि पर्याप्त मात्रामा औषधि नभएको जिल्ला स्वास्थ्य कार्यालय बैतडीका प्रमुख डा. जगदीशचन्द्र विष्टले बताए। औषधि खरिद प्रक्रिया समयमा शुरू नहुँदा औषधिको अभाव हुने गरेको उनको भनाइ छ।

औषधि खरिदका लागि वार्षिक बजेट नै कम हुँदा समस्या भएको हो। दुर्गम गाउँबाट अस्पतालमा आएका बिरामीलाई सामान्य चेकजाँचपछि निजी मेडिकलबाट औषधि किन्न बाध्य भएका छन्।

उता क्षेत्रीय मेडिकल स्टोरमा खरिद भएको औषधि पनि तत्काल वितरण हुने सम्भावना कम रहेको बताइएको छ। औषधि ढुवानीमा रकम नभएको मेडिकल स्टोरले जनाएको छ। ढुवानी रकम नहुँदा औषधि वितरण प्रक्रिया प्रभावित भएको छ।

सरकारले जिल्ला अस्पतालबाट ७०, प्राथमिक स्वास्थ्य केन्द्रबाट ५६ र स्वास्थ्य चौकीबाट ३५ प्रकारका औषधि निःशुल्क वितरण गर्ने निर्णय गरे पनि सबै प्रकारका औषधि स्वास्थ्य संस्थामा नपाइने र अहिले अत्यावश्यक औषधि पनि अभाव हुन थालेको हो।

**बिरामी संख्या बढ्दो**

बैतडीमा मौसमी ज्वरोका बिरामी बढ्दै गएका छन्। वर्षात्को समयमा दुषित पानीको सेवन तथा प्रयोगले जिल्ला अस्पताल बैतडीमा हाल दैनिक १ सय बिरामी आउने गरेका अस्पतालले जनाएको छ।

अस्पतालमा उपचारका लागि आउनेमध्ये धेरैजसो ज्वरोका बिरामी भएको जिल्ला स्वास्थ्य कार्यालय बैतडीका प्रमुख डा. जगदीशचन्द्र विष्टले जानकारी दिए। '९० प्रतिशत बिरामीमा सुरक्षित पानीको सेवन नहुँनाले समस्या देखिएको छ', उनले भने- 'वर्षात्को समयमा पानीका नयाँ मूल फुट्दा शुद्धीकरण नगरी पिउँदा यो समस्या आएको हो।' वर्षात्को समयमा खानपिनमा ध्यान नदिँदा बढी बिरामी पर्ने गरेका छन्। यसका साथै जिल्लाका विभिन्न स्थानमा सुरक्षित तथा शुद्ध खानेपानीको समेत अभाव भएका कारणले बिरामीहरू बढ्न थालेको बताइएको छ।

'भाइरल ज्वरो, टाइफाइड, झाडापखालाका बिरामी बढेका छन्', डाक्टर विष्टले भने- 'वर्षात्मा पानीका मूहान दुषित हुने दुषित पानीकै प्रयोगबाट विभिन्न रोगहरू सर्ने गरेका छन्।' मौसममा आएको परिवर्तनले रुघाखोकी, ज्वरो, झाडापखालाका बिरामी बढेकाले खानपिनमा ध्यान दिनुपर्नेमा स्वास्थ्यकर्मीको सुझाव रहेको छ। खानेपानीको प्रयोग गर्दा उमालेर प्रयोग गर्नुपर्ने, व्यक्तिगत सरसफाइमा पनि विशेष ध्यान दिनसमेत आग्रह गरिएको छ।

## हत्या अभियोगमा जन्मकैद

पर्वत, (नेस)

पर्वतको फलेवास नगरपालिकाका सूर्यबहादुर सुनारको हत्या गरेको अभियोगमा अभियुक्त विनोदविक्रम कुँवरलाई पर्वत जिल्ला अदालतले जन्मकैदको सजाय सुनाएको छ। जिल्ला अदालत पर्वतका जिल्ला न्यायाधीश सूर्यबहादुर थापाको एकल इजलासले आरोपित कुँवरलाई अभियुक्त ठहर गरी जन्मकैदको फैसला सुनाएको हो।

फलेवास नगरपालिका-२ थापाठानाका ३४ वर्षीय कुँवरले फलेवास नगरपालिका-३ शंकरपोखरीका ३३ वर्षीय सूर्यबहादुर सुनारको हत्या गरेका थिए। गत जेठ २५ गते कुँवरले मदिराको झोकमा सुन व्यवसाय गरेर पसलमा बसिरहेका सुनारलाई कुटपिट गरी घाइते बनाएका थिए। सुनारसँगै उनकी श्रीमती सरस्वती सुनारसमेत कुँवरको कुटाइबाट घाइते भएपछि दुवैजनालाई गण्डकी क्षेत्रीय अस्पताल पोखरामा लगिएको थियो। उपचारकै क्रममा सूर्यबहादुरको मृत्यु भएको थियो भने सरस्वतीको अवस्था सामान्य छ।

सूर्यबहादुर सुनारका भाइले प्रहरीमा विनोद विक्रम कुँवर र उनकी श्रीमती १७ वर्षीया राधिका कुँवरलाई हत्या अभियोगमा किटानी उजुरी दिएका थिए। सोही उजुरीअनुसार प्रहरी जिल्ला प्रहरी कार्यालय पर्वतमा कर्तव्य ज्यान मुद्दाअन्तर्गत मुद्दा दर्ता गराएको थियो। सोमबार भएको अदालतको फैसलाले श्रीमान् विनोद विक्रम कुँवरलाई जन्मकैदको फैसला सुनाएको छ भने श्रीमती राधिका कुँवरले सफाइ पाएकी छिन्।

## डेढ महिनादेखि बेपत्ता शिक्षक अझै भेटिएनन्

धनवीर दाहाल, रुकुम (पूर्व)

विद्यालय परिसरमा कुटपिटपछि बेपत्ता बनाइएका शिक्षक मखन केसीको डेढ महिनासम्म पनि अवस्था पत्ता नलाग्दा परिवारमा रुवाबासी चलेको छ। रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिकास्थित आधारभूत विद्यालय पेल्मा-२ मा अध्यापनरत शिक्षक केसी बेपत्ता भएको झन्डै डेढ महिना भयो। उहाँको अहिलेसम्म अत्तोपत्तो छैन। 'कि सास चाहियो कि लास' भन्दै आफन्तजनले सदरमुकाम रुकुमकोटमा आन्दोलनका कार्यक्रम सुरुआत गरेका छन्।



परिवारजनले जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयमा पुगेर धर्ना दिएका छन्। वास्तविकता सार्वजनिक र दोषीउपर कारबाही नभएसम्म धर्ना, अनसन र दबाबका चरणबद्ध कार्यक्रम गरिने बताइएको छ। सिस्ने गाउँपालिका वडा नं. ६ घर भएका शिक्षक मखन केसी विगत २३ वर्षदेखि सोही विद्यालयमा पढाउँदै आएका थिए। गत साउन ३१ गते विद्यालय परिसरमै स्थानीय केही व्यक्तिद्वारा कुटिएका शिक्षक केसीको स्थानीय मेडिकलमा सामान्य उपचार गरिएको र भदौ १४ गतेदेखि बेपत्ता बनाइएको परिवारको भनाइ रहेको छ। घटनाको कारण भने अझै खुल्न सकेको छैन। कुटपिटको आरोपमा सोही गाउँपालिका-१० तकका विकास बुढामगर (खिन्टे) लाई प्रहरीले पक्राउ गरेको र घटनामा संलग्न अन्य दुईजना फरार रहेको प्रहरीले जनाएको छ।

बेपत्ता भएको खबरपछि दुई पटकसम्म परिवार आफैं खोज्न गए पनि फेला पार्न नसकेको उहाँका दाजु मोहन केसीले बताउनुभयो। 'बेपत्ता भएको महिना दिन पुग्दासमेत न लास भेटियो न सास', दाजु मोहन केसीले भन्नुभयो- 'बाध्य भएर आन्दालनमा उत्रिनुपर्‍यो।' सरकारी पेशामा संलग्न व्यक्ति यसरी बेपत्ता हुँदा राज्यले खोजी गर्न चासो नदेखाएको बेपत्ता मखनकी श्रीमती तुलसी केसीले बताउनुभयो। बेपत्ता शिक्षक केसीका २ छोरी १ छोरा रहेका छन्। परिवारजनले खोज्न जाँदा त्यहाको स्थानीय सरकारले वास्ता नगरेको र उल्टै दोषीलाई संरक्षण गरेको परिवारको आरोप रहेको छ। पुथा उत्तरगंगा गाउँपालिका-२ का वडाध्यक्ष सतसिङ बुढाले यस घटनाले आफू दुखी भएको र खोजिनिती गरिरहेको बताउनुभएको छ। जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वका प्रनाउ लोकनाथ तिम्सिनाले घटनाबारे अनुसन्धान भइरहेको बताउनुभएको छ।

## भूकम्प पीडितलाई तेस्रो किस्ता वितरण शुरू

रामधन राई, खोटाङ

असोज-१८, खोटाङका भूकम्प पीडित लाभग्राहीलाई पूनर्निर्माणका लागि दिइने तेस्रो किस्ताबापतको अनुदान रकम वितरण शुरू गरिएको छ। महाभूकम्पका कारण घरविहीन बनेपछि पहिलो र दोस्रो किस्ता लिएर आवास निर्माणको काम गरिरहेका लाभग्राहीलाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले तेस्रो किस्ता वितरण गर्न शुरू गरेको हो।

जिल्लाका ८ हजार ४ सय ४३ लाभग्राहीमध्ये पहिलो र दोस्रो किस्ता लिएर मापदण्डअनुसार घर निर्माण गरिरहेकामध्ये हालसम्म १ सय ३८ लाभग्राहीलाई तेस्रो किस्ता वितरण गरिसकिएको राष्ट्रिय पुनर्निर्माण कार्यान्वयन इकाई जिल्ला आयोजना कार्यान्वयन इकाई आवास व्यवस्थापन तथा पूर्वाधार कार्यालयका प्रमुख सागर आचार्यले बताउनुभयो।

हालसम्म कुल लाभग्राहीमध्ये ८ हजार ३ सय १० लाभग्राहीले पहिलो किस्ताबापत ५० हजार र ३ हजार ३ सय ७९ लाभग्राहीले दोस्रो किस्ताबापत १ लाख ५० हजार अनुदान पाएर आवास निर्माणको काम गरिरहेका छन्। दोस्रो किस्ता बुझेर घरलाई छाना हाल्ने अवस्थामा पुर्‍याएका लाभग्राहीलाई ७५ हजार र शौचालय निर्माणपछि २५ हजार का दरले अनुदान दिने प्रावधान छ।

## भारु ४ लाख ३० हजारसहित तीन पक्राउ

बुटवल, (नेस)

प्रदेश नम्बर ५ को राजधानी रुपन्देहीको बुटवलमा अवैध भारतीय ४ लाख ३० हजार २ सय ५० र १ लाख ९० हजार नेपालीसहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। बुटवलको एक होटलमा बस्दै आएका २ भारतीय र १ जना नेपाली नागरिकलाई प्रहरीले उक्त रकमसँगै पक्राउ गरेको इलाका प्रहरी कार्यालय बुटबलका प्रहरी नायब उपरीक्षक डिल्लीबहादुर मल्लले बताउनुभयो।

विशेष सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरी थप अनुसन्धानका लागि सम्पत्ति शुद्धीकरण हरिहर भवन काठमाडौं बिहीबार नै पठाइएको प्रनाउ मल्लले बताउनुभयो। इलाका प्रहरी कार्यलय बुटवलका अनुसार बुटवल-नेपालगन्ज रोडमा रहेको एक होटलबाट ४ लाख ३० हजार २ सय ५० भारु र १ लाख ९० हजार नेपाली गरी नेपाली कुल ८ लाख ७८ हजार ४ सय रुपियाँ बरामद गरिएको हो।

पक्राउ पर्नेमा भारतीय नागरिक मेराजुन मिया, इमरान खान नेपाली नागरिक मेघनाथ कुशपडिया छन्। मिया र खान भारत उत्तर प्रदेश बैराइच जिल्लाका हुन् भने कुशपडिया बाँके नेपालगन्जका हुन्। नेपालमा जुवा खेल्नका लागि नेपालीको सहयोगमा भारतीयहरू बुटवल आएको अनुमान प्रहरीले गरेको छ।

## अनाथ बालबालिकालाई गाउँपालिकाले पढाउने

डोटी, (नेस)

सायल गाउँपालिकाले अनाथ बालबालिकालाई पढाउने भएको छ। गाउँपालिकाभित्र रहेका अनाथ बालबालिकालाई पढाइ खर्चस्वरुप प्रतिमहिना १ हजार ५ सय रुपियाँ प्रदान गर्ने गाउँपालिकाले निर्णय गरेको छ। गाउँपालिकाको यो निर्णयबाट तीन दर्जन बालबालिका लाभान्वित हुने गाउँपालिकाका उपाध्यक्ष विष्णा सिंहले बताउनुभयो।

उहाँले भन्नुभयो- 'गाउँपालिकामा भएका अनाथ बालबालिकाको तत्थ्यांक संकलन हुँदै छ। सबैलाई गाउँपालिकाले पढाउने निर्णय गरेका छौं।' भत्ताबाट आफन्तको घरमा बस्दै आएका टुहुरा बालबालिकाको पढाइमा सहयोग पुग्ने उपाध्यक्ष सिंहको दाबी छ।

गाउँपालिकाले एकल पुरुषलाई पनि सामाजिक सुरक्षा भत्ता दिने निर्णय गरेको छ। ६० वर्ष पुगेका गैरदलित र ५० वर्ष पूरा भएका दलित एकल पुरुषलाई सामाजिक सुरक्षा भत्तास्वरुप प्रतिमहिना ५ सय रुपियाँ गाउँपालिकाले दिने निर्णय गरेको हो। डोटीमा एकल महिला मात्र नभई एकल पुरुषलाई पनि समस्या हुने भन्दै सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने निर्णय गर्ने सायल गाउँपालिका पहिलो गाउँपालिका भएको अध्यक्ष तेजबहादुर डुम्रेलले बताउनुभयो। उहाँले भन्नुभयो- 'एकल पुरुषको समस्या देखेर भत्ता दिने निर्णय गर्ने हामी पहिलो जनप्रतिनिधि हौं। यसबाट सबै एकल पुरुषलाई राहत मिल्नेछ।'

## कांग्रेस प्रदेश १ को स्थायी राजधानीबारे छलफल गर्दै



सरोज यादव, विराटनगर

प्रदेशको नाम र स्थायी राजधानीको विषयमा साझा धारणा बनाउन नेपाली कांग्रेस १ नं प्रदेश संसदीय दलको बैठक बसेको छ। विराटनगरमा भएको दलको बैठकमा १ नम्बर प्रदेशको स्थायी राजधानी र नामको बारेमा छलफल केन्द्रित हुने बताइएको छ।

नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक केदार कार्कीले प्रदेशको नाम र स्थायी राजधानीका विषयमा प्रदेश सदस्यहरूको राय बुझेर त्यस विषयमा दलको साझा धारणा बनाउन बैठक आह्वान गरिएको जानकारी दिए। उनले बैठकमा दलका तर्फबाट कुनै प्रस्ताव नलगिएको भए पनि प्रदेशको नामको विषय र स्थायी राजधानीको विषयमा बैठकमा गम्भीर छलफल हुने बताए। त्यसपछि प्रदेशको नाम र स्थायी राजधानीको विषयमा दलले साझा धारणा तय गर्ने उनले जानकारी दिए। २१ जना प्रदेशसभा सदस्य रहेको कांग्रेस प्रदेश नम्बर १ मा प्रमुख प्रतिपक्षीको रुपमा रहेको छ।

कांग्रेस नेतृत्वको सरकारले विराटनगरलाई अस्थायी राजधानी तोकेकाले पनि पहिलादेखि नै विराटनगर नै स्थायी राजधानी हुनुपर्नेमा बहुसंख्यक सांसद देखिँदै आएको छन्। कांग्रेसले बुधबार साँझ मोरङका प्रदेश सांसदसँग प्रदेशको राजधानी र नामको बारेमा जिल्ला पार्टी कार्यालयमा छलफल गरेको थियो।

सत्तापक्ष नेकपाको पनि प्रदशेको नाम र स्थायी राजधानीका विषयमा निर्णय गर्न संसदीय दलको बैठक चलिरहेको छ। यद्यपि नेकपाको बैठक २ दिन चलेर स्थगित भएको छ। त्यसपछि बैठक बस्न सकेको छैन। मुख्यमन्त्री शेरधन राई भने राजधानी विराटनगर र संसद् सचिवालय इटहरीमा राख्नुपर्ने पक्षमा उभिएका छन्। नेकपाका कुल ६७ जना सांसद रहेकामा ५४ जना सांसदले नाम र स्थायी राजधानीका विषयमा आफ्नो राय राखिसकेका छन्। अब मुख्यमन्त्री, मन्त्रीहरू र केही सांसदले मात्र नाम र स्थायी राजधानीको बारेमा आफ्ना धारणा राख्न बाँकी छ।

नेकपाको दलको बैठकमा सांसदहरू विराटगरसँगै इटहरी आसपास स्थायी राजधानी राख्नुपर्ने पक्षमा उभिएका छन्। नामको बारेमा किँरात सगरमाथा र सगरमाथा किँरात हुनपर्ने पक्षमा मत जाहेर गरेका छन्।

## विमानस्थल बन्द हुँदा पर्यटकीयस्थल ओझेलमा

किरन धामी, दार्चुला

सरकारले नयाँ-नयाँ विमानस्थल बनाउने योजना बनाइरहेको छ। भएको विमानस्थल सञ्चालनमा भने ध्यान दिएको पाइँदैन। त्रिदेशीय सीमानामा रहेको दार्चुलाको एकमात्र विमानस्थल गोकुलेश्वर विमानस्थल लामो समयदेखि बन्द हुँदा जिल्लामा रहेका पर्यटकीय स्थलहरू दिनप्रतिदिन ओझेलमा पर्दै गएका छन्। गोकुलेश्वर विमानस्थल सञ्चालन नहुँदा यहाँको पर्यटकीय विकास हुन नसकेको तथा सर्वसाधारणले समेत सास्ती खेप्नुपरेको छ।

गोकुलेश्वर विमानस्थलमा नेपाल वायुसेवा निगमले सेवा बन्द गरेको लामो समय बितिसक्दासमेत पुनः सेवा सञ्चालन गर्नेतर्फ राज्यको ध्यान जान सकेको छैन। सरकारले आर्थिक वर्ष २०७३/७४ मा सुदूरपश्चिमका बन्द भएका सबै विमानस्थल सुचारु गर्ने बजेट भाषणमार्फत घोषणा गरेको भए पनि कागजमै सीमित भएको छ।

छिमेकी जिल्ला बैतडीको पाटन विमानस्थल पुनः सुचारु गर्नका लागि धमाधम निर्माण कार्य भइरहेको भए पनि गोकुलेश्वर विमानस्थल सुचारुका लागि भने कुनै पहल हुन सकेको छैन। सुदूरपश्चिमबाट केन्द्रमा पुगेका नेताहरूले पनि गोकुलेश्वर विमानस्थल सञ्चालनमा ल्याउन पहल नगरेको र सरकारले पनि राजधानीलाई मात्र नेपाल ठान्ने शासकहरूको संकीर्ण सोचका कारण सुदूरपश्चिमले अझै पनि राज्यबाट पाइने सेवा सुविधाबाट वञ्चित हुनुपरेको आम नागरिकको बुझाइ छ।



अपी हिमालको काखमा अवस्थित पवित्र भूमि दार्चुलामा रहेका धार्मिक पर्यटकीय स्थलमध्ये जिल्लाकै प्रमुख धार्मिक पर्यटकीय स्थल तथा राष्ट्रकै सातौं धाम लेकम क्षेत्रको मालिकार्जुन शैल्यशिखर धाम, अपीनाम्पा संरक्षण क्षेत्र, कैलाश मानसरोवर पदमार्ग, अपी हिमाल, ब्यास गुफा, सिद्धटोपी, ब्रह्मदहलगायतका पर्यटकीय स्थल ओझेलमा परेका छन्।

जिल्लामा थुप्रै पर्यटकीय सम्भावना बोकेका ठाउँहरू भए पनि ती ठाउँको उचित प्रचारप्रसार हुन नसक्नु र विदेशी पर्यटकका लागि सहज तरिकाले दार्चुला गन्तव्य बनाउन विमानस्थल सुचारु नहुनु बिडम्बना बनेको छ। लामो समयदेखि विमानस्थल बन्द हुँदा आपतकालीन अवस्थाका बिरामीलाई जिल्ला बाहिर लैजान नसकिदाँ अहिलेसम्म कयौंले अकालमै ज्यान गुमाउनुपरेको छ। राजधानीदेखि निकै टाढा रहेको दार्चुला जिल्लामा भएको विमानस्थल लामो समयदेखि बन्द हुनुले पर्यटकको गन्तव्य बन्न सकेको छैन।